माप्य दुधकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खास्ताप्पु, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

पत्र संख्या : २०८१/८२
च.नं. :

## अपाङ्गता सहायता सहजकर्ता पदका लागि दरखास्त आह्वान सम्बन्धी सूचना।

**(प्रथम पटक प्रकाशित मिति: २०८१/०८/२०)**

यस माप्य दुधकोशी गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक पर्ने सम्पूर्ण सूचना तथा परामर्श सेवा प्रदान गर्नका लागि स्थापना गरिने अपाङ्गता सहायता कक्षका लागि प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा एकजना अपाङ्गता सहायता सहजकर्ताको पदपूर्ति गर्नुपर्ने भएकाले आवश्यक न्यूनतम योग्यता पुगेका इच्छुक योग्य नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिएको छ। यसका लागि तोकिएको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरू भरी पासपोर्ट साईजको फोटो १ प्रति टाँस गरी सो का साथ आफ्नो नेपाली नागरिकता, अपाङ्गता परिचय-पत्र र दरखास्त दिने पदको लागि तोकिएको अन्तिम शैक्षिक योग्यता प्रमाण-पत्रको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र. परीक्षा दस्तुर तिरेको बैंक भौचरको/राजस्व भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी यस गाउँपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्नेछ। रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन। साथै, प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्वारहरूको दरखास्त उपर कुनै कारवाही हुने छैन। झुट्टा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सो को जबाफदेही दरखास्तवाला स्वयंम् हुनु पर्नेछ।

| सि.नं. | विज्ञापन नं. | पद | सेवाको किसिम | माग संख्या |
|---|---|---|---|---|
| १ | ३/२०८१/८२ | अपाङ्गता सहायता सहजकर्ता (अपाङ्गता भएको व्यक्ति मात्रै) | करार | १ जना |

**५.दरखास्त बुझाउने अन्तिम मिति:-** २०८१/०९/०४ (विज्ञापन भएको मिति देखि १५ दिन भित्र)

**६.उम्मेद्वारको छनौट विधि:-** प्रत्यक्ष मौखिक अन्तर्वार्ता तथा अन्य विविध पक्षको मूल्याङ्कन

**७.दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान:-** माप्य दुधकोशी गाउँपालिकाको कार्यालयबाट दरखास्त फाराम प्राप्त गरी उक्त फाराम भरी कार्यालयमा बुझाउनु पर्ने वा ईमेल info@mapyadudhkoshimun.gov.np मार्फत बुझाउन सकिने छ।

**८. परीक्षा दस्तुर:-** रू ५००।- (पाँच सय रूपैया मात्र)

**९. दरखास्त दस्तुर बुझाउने प्रकृया:** बैक मार्फत माप्य दुधकोशी गाउँपालिका खाता नं ११२५६०१५०६५०८०५५ मा रकम जम्म गरेको सक्कल भौचर वा गाउँ कार्यापालिकाको कार्यालयमा नगदी रसिद मार्फत दरखास्त दस्तुर बुझाउन सकिनेछ।

**१०. परीक्षा संचालन हुने मिति, समय र स्थान:-** दरखास्त फाराम भर्ने अन्तिम म्याद सकिएपछि गाउँपालिकाको सूचना पाटीमा टाँस गरिनेछ। साथै वेभसाईटमा समेत प्रकाशन गरिने छ।

११. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार सहजकर्ता छनौट तथा सिफारिस समितिमा निहित रहने।

**१२. मासिक तलब:** करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

**१३. आवश्यक न्यूनतम योग्यता:**

(क) नेपाली नागरिक (ख) अपाङ्गता भएका व्यक्ति। (ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट +२ वा सो सरह उत्तीर्ण गरेको।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको।

(ङ) अपाङ्गता सम्बन्धी काम गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थामा काम गरेको अनुभव भएको, कम्प्यूटर सम्बन्धि तालिम लिएको, बहिरा नागरिकको लागि सांकेतिक भाषा दोभासे तालिम प्राप्त गरेको, स्थानीय अपाङ्गता भएको महिलालाई बिशेष प्राथमिकता दिइनेछ।

<u>दृष्टव्य</u> : दरखास्त आवेदनको ढाँचा लगायत पदपूर्ती सम्बन्धी अन्य जानकारी यस कार्यालय तथा वेवसाइट बाट प्राप्त गर्न सकिने छ।

गजेन्द्र भट्टराई
नि. प्रमुख प्रशासकीय अधिकृत